प्रबन्धरथी विभाग (खाद्य र परिवहन),

जंगी अड्डाको

बोलपत्र आव्हान सम्बन्धी सूचना

१. सैनिक उच्च शिखर शिक्षालय, मुस्ताङ्गको लागि पुनः बोलपत्र आव्हानको सूचना

सूचना प्रकाशित मिति २०६८/१२/१३ गते ।

मुस्ताङ्ग जिल्ला स्थित श्री सैनिक उच्च शिखर शिक्षालयको आ.व.०६८/६९ को राशन तथा दानाघांस आपुर्तिको ठेक्काको लागि यस विभागबाट मिति २०६८/०९/२० गते गोरखापत्र दैनिक मार्फत पुनः बोलपत्र आव्हानको सूचना प्रकाशित भएकोमा उक्त शिक्षालयमा पेश भई खोलुवा भएको २ थान बोलपत्रहरु मध्ये १ थान बोलपत्रको कबोल अंक लागत अनुमान भन्दा बढी भएको तथा अर्को १ थान बोलपत्र साथ पेश गरेको बोलपत्र जमानत सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ (२) को (ड) र (ढ) अनुसार उक्त शिक्षालयबाट जारी बोलपत्र सम्बन्धी कागजातको परिशिष्ट "ख" को सि.नं. (१) (क) को (१३) र सोही बोलपत्र सम्बन्धी कागजातको बोलपत्रदातालाई निर्देशनको सि.नं.१ को खण्ड (ज) संग सम्बन्धित परिशिष्ट "घ" मा उल्लेखित ढांचा, व्यहोरा र शर्त अनुसारको नभई ऐ. ऐनको दफा २३ (२) (ग) विपरित भएकोले ऐ. को दफा २४ बमोजिम कारबाही गर्न नमिल्ने भएको हुंदा उक्त खरिद कारबाही रद्ध गरी ईच्छुक बोलपत्रदाताहरु सबैले उक्त ठेक्कामा सहभागी हुन पाउने गरी मिति २०६९/०१/१२ गतेको १७०० बजेसम्म बोलपत्र खरिद र मिति २०६९/०१/१३ गतेको १२०० बजेसम्म बोलपत्र दर्ता गर्न सक्ने तथा दर्ता भएका बोलपत्रहरु सोही मितिको १३०० बजे खोल्ने र अन्य शर्तहरु यस विभागको मिति २०६८/०६/१२ र २०६८/०९/२० गतेको गोरखापत्रमा प्रकाशित बोलपत्र आव्हानको सूचना एवं प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुने गरि बोलपत्र पेश गर्न ईच्छुक बोलपत्रदाताहरुको लागि यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

२. संग्राम सार्दुल गुल्म, कालीकोटको स्थगित गरिएको बोलपत्र सम्बन्धी काम कारबाहीलाई पुनः निरन्तरता दिईएको सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०६८/१२/१३ गते ।

कालिकोट जिल्ला स्थित श्री संग्राम सार्दुल गुल्मको आ.व. ०६८/६९ को राशन तथा दानाघांस आपूर्तिको ठेक्काको लागि यस विभागबाट मिति २०६८/०९/२० गते गोरखापत्र दैनिक मार्फत पुनः बोलपत्र आव्हानको सुचना प्रकाशित भएकोमा उक्त गुल्मको ठेक्का सम्बन्धी कारवाही विविध कारणवश मिति २०६८/१०/१८ गतेदेखी रोक्का रहेकोमा ईच्छुक बोलपत्रदाताहरु सबैले उक्त ठेक्कामा सहभागी हुन पाउने गरी मिति २०६९/०१/१२ गतेको १७०० बजेसम्म बोलपत्र खरिद र मिति २०६८/०९/२० गतेको सूचना अनुसार खरिद भईसकेका बोलपत्रहरु समेत मिति २०६९/०१/१३ गतेको १२०० बजेसम्म दर्ता गर्न सक्ने तथा दर्ता भएका बोलपत्रहरु सोही मितिको १३०० बजे खोल्ने गरी म्याद थप गरिएको छ । यस सूचनाले संशोधन गरेको शर्तहरु बाहेक अन्य शर्तहरु यस विभागको मिति २०६८/०६/१२ र २०६८/०९/२० गतेको गोरखापत्रमा प्रकाशित बोलपत्र आव्हानको सूचना एवं प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुने गरि बोलपत्र पेश गर्न ईच्छुक बोलपत्रदाताहरुको लागि यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

३. उल्लेखित सूचना नेपाली सेनाको Website **www.nepalarmy.mil.np** मा समेत हेर्न सकिने छ । साथै यस सूचनाको सम्बन्धमा थप कुराहरु बुझ्नु परेमा सम्पर्क गर्ने युनिट, स्थान र फोन नं. निम्न अनुसार उल्लेख गरिएको छ ।

(क) श्री सैनिक उच्च शिखर शिक्षालय, मुस्ताङ्गको फोन नं. ०६९-४४०१५५,

(ख) श्री संग्राम सार्दुल गुल्म, कालीकोटको फोन नं.०८७-४४००७०